नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ,
कपिलवस्तु

प.स. : २०८०/०८१
च.न. :

## न्यूनतम समर्थन मूल्यमा धान खरिद कार्यका लागि सूचिकृत हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/३१ सूचना नं. ०१

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना व्यवस्थापन एकाइ,खुमलटार ललितपूरको मिति २०८०/०५/३१ गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम आ.व. २०८०/०८१ मा कपिलवस्तु जिल्ला भित्र उत्पादन हुने धान नेपाल सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्य (मोटा धान प्रति क्वीन्टल रु ३,१९८/- र मध्यम धान प्रति क्वीन्टल रु ३,३६२/- ) मा "न्युन्तम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका -२०७७ "को प्रावधान बमोजिम खरिद गर्न ईच्छुक सहकारी संस्थाले तपशिलमा उल्लेखित कागजात सहित मिति २०८०/०६/१४ गते सम्म कार्यालय समय भित्र कपिलवस्तु जिल्लाका सहकारीहरुले यस परियोजना कार्यान्वयन एकाइको जितपुर, ४ नं. स्थित कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपशिलः

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. सुचिदर्ता गरि पाउँ भनि रु १० को टिकट टाँस गरिएको निवेदन,
२. सहकारी संस्था दर्ता प्रमाण-पत्र को प्रतिलिपी ,
३. आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण-पत्र को प्रतिलिपी,
४. प्रस्तावना सम्बन्धी कार्य गर्नका लागि आधिकारिक व्यक्ति तोकिएको निर्णय र निजको नेपाली नागरिकता प्रमाण-पत्र को प्रतिलिपी,
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
६. धान खरिद सम्बन्धमा निम्न बमोजिम विवरण उल्लेख भएको प्रस्तावना,
    - सहकारी संस्थाको नाम ठेगाना,
    - सहकारी संस्थाको शेयर पुँजी,
    - सहकारी संस्थाको शेयर कारोबार रकम,
    - सहकारी संस्थाको कार्यक्षेत्र,
    - खरिद गर्न चाहेको धानको परिमाण र किसिम,
    - धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरि ईच्छुक क्षेत्रको विवरण,
    - धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको श्रोत,
    - खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धि विवरण,
    - धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण,

सहकारीले पालन गर्नुपर्ने सर्तहरु:

- न्यूनतम् समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन सम्बन्धीत निर्देशिका-२०७७ को पालना गर्नुपर्ने,
- सम्झौताको समयमा कार्यालय बाट तोकिएका अन्य सर्तहरु ,

नोटः विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तुको वेवसाइट www.kapilvastu.pmamp.gov.np मा वा सम्पर्क नं ०७६-५५०३४७ मा सम्पर्क गर्नुहोला।

Chaudhary
सहसराज चौधरी (कुर्मी)
वरिष्ठ कृषि अधिकृत